माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
Website: www.mathagadhi.gov.np

च.नं.:(Despatch No.):
पत्र संख्या:(Ref No.):

गाडी भाडामा लिने सम्बन्धी सूचना ।

दोस्रो पटक प्रकाशित सूचना नं. १३ मितिः २०८०/०८/१५

प्रस्तुत विषयमा आ.व.२०८०/०८१ को असार मसान्तसम्मको लागि यस माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रयोजन, योजना अनुगमन तथा सुपरिवेक्षण लगायतका कामको लागि एक चार पाङ्ग्रे सवारी साधन आवश्यक भएकोले तपसिल बमोजिमको मापदण्ड र शर्तको अधिनमा रही इच्छुक सवारी साधन धनीहरुले यो दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ५ (पाँच) दिन भित्र आफूले दिन चाहेको मासिक भाडा दरको शिलबन्दी दरभाउ पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सवारी साधनमा हुनपर्ने मापदण्डहरु

१. चार पाङ्ग्रे सवारी साधन (Double Cap, Fourwheeler, Suitable for Off road, Bolero, Scorpio and Similar Jeep),
२. कम्तिमा पाँच सिट यात्रु क्षमता भएको,
३. मोडल २०१८ वा सो भन्दा माथि ।

पेश गर्नु पर्ने कागजातहरु

१. कर सहितको मासिक भाडा दरको शिलबन्दी दरभाउपत्र,
२. नवीकरण भएको ब्लुबुकको प्रतिलिपी,
३. चालक अनुमती पत्रको प्रतिलिपी,
४. तेश्रो पक्ष बिमालेख पत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी ।

शर्तहरु

१. सवारी साधन चालकको पारिश्रमिक तथा अन्य सुविधा र सवारी साधनको नियमित मर्मत सम्भार, नियमानुसार सवारी कर एवं वहाल कर स्वयम् सवारी धनीले व्यहोर्नुपर्नेछ ।
२. गाडी प्रयोग हुँदाको इन्धन कार्यालयले व्यहोर्नेछ ।
३. सवारी साधन सम्झौता अवधिभर पूर्णतया कार्यालयको अधिन र प्रयोगमा रहनेछ ।
४. सम्भावित दैविक प्रकोपबाट हुने क्षतिको सम्बन्धमा गाडी धनी स्वयम् जिम्मेवार हुनेछ ।

*पुनश्चः गाडी भाडामा लिने/नलिने सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहनेछ ।*

..............................
राम प्रसाद
प्रमुख प्रशासकीय अधिकृत